# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखरी), नेपाल, फागुन ३० गते, २०८० साल (अतिरिक्ताङ्क ३६

# भाग ३

## लुम्बिनी प्रदेश सरकार

## वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालयको सूचना

लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८०/११/३० को बैठकबाट स्वीकृत भएको "वन सेवाका कर्मचारीहरुको लागि पोशक संहिता (ड्रेस कोर्ड) कार्यविधि, २०८०" सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ।

# वन सेवाका कर्मचारीहरुका लागि पोशाक संहिता (ड्रेस कोड) कार्यविधि,२०८०

<u>**प्रस्तावना:**</u> वन सेवा निजामती सेवा अन्तर्गत एक विशिष्ट प्राविधिक तथा अर्धन्यायीक सेवा रहेकोले यस सेवाका कर्मचारीहरु वन संरक्षण, विकास, व्यवस्थापन, सहजीकरण तथा नियमनका कार्यहरुमा खटिंदा अनुशासित रुपमा उच्च मनोवल तथा छुट्टै पहिचानका साथ काम गरेमा उच्च प्रतिफल प्राप्त हुने अपेक्षा लिई लुम्बिनी प्रदेश सरकारले प्रदेश वन ऐन, २०७८ को दफा १०५ तथा प्रदेश वन नियमावली, २०७९ को नियम ८७ मा ड्रेस कोड सम्बन्धी व्यवस्था गरेको छ । प्रदेश वन ऐन तथा वन नियमावली बमोजिम वन सेवामा कार्यरत कर्मचारीहरुको पहिचान तथा विशिष्टताका लागि पोशाक धारण गर्ने कर्मचारीहरुले देखाउनु पर्ने आचरण तथा आचारसंहिता स्पष्ट पार्न बाञ्छनीय भएकोले,

प्रदेश वन ऐन,२०७८ को दफा ११२ को अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:-</u> (१) यो कार्यविधिको नाम **"वन सेवाका कर्मचारीहरुका लागि पोशाक संहिता (ड्रेस कोड) कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>:- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कर्मचारी"** भन्नाले वन सेवाका निजामती कर्मचारीहरु भन्ने सम्झनु पर्छ।

(ख) **"मन्त्रालय"** भन्नाले वन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ग) **"वन सेवा पोशाक (ड्रेस कोड)"** भन्नाले प्रदेश वन ऐन २०७८ को दफा १०५ बमोजिम प्रदेश वन नियमावली २०७९ को नियम ८७ मा व्यवस्था भए अनुसार नियमावलीको अनुसुची ४० मा तोके अनुसारको पोशाक सम्झनु पर्छ । यस शब्दले यो कार्यविधिको दफा (७) बमोजिम थप भएको पोशाक समेतलाई जनाउँछ ।

(घ) **"निजामती पोशाक"** भन्नाले नेपाल सरकारले निजामती कर्मचारीहरूलाई कार्यालय समयमा प्रयोग गर्न तोकेको पोशाक (सामान्यतः पुरूष कर्मचारीको हकमा नेपालको राष्ट्रिय पोशाक वा सेतो सर्ट, गाढा निलो कोट र पाईन्ट तथा कालो जुत्ता एवम् महिला कर्मचारीको लागि पुरुष सरह वा आकाशे गाढा निलो रङको सारी, सारीको पारी गाढा वैजनी, सारीको पारी अनुसारको व्लाउज वा आकाशे गाढा निलो रङको कुर्ता र गाढा वैजनी रङको सलवार र सल तथा हिमाली क्षेत्रमा कोटको सोही रङको ज्याकेट र स्पोर्टस् जुत्ता र जाडो समयका लागि कोट भित्र स्वीटर सम्झनु पर्छ ।

३. **डे्रस कोड अनुसारको पोशाक प्रयोग गरिने समय र अवस्थाः** (१) वन सेवामा मन्त्रालय, निर्देशनालय, प्रशिक्षण केन्द्र, भू तथा जलाधार व्यवस्थापन कार्यालय र डिभिजन वन कार्यालयहरुमा पदस्थापना रहेका कर्मचारीहरुले कार्यालय भित्र नियमित काममा उपस्थित हुँदा कार्यालय समयमा हाल प्रयोगमा रहेको निजामती पोशाकको प्रयोग गरिने छ ।तर कार्यालय समय बाहेक अन्य समयमा हुने सबै कार्यक्रमहरु तथा फिल्डस्तरका काममा उपस्थित हुँदा वन सेवाको ड्रेस कोड अनुसारको पोशाकको अनिवार्य प्रयोग गरिने छ।

तर,प्रत्येक शुक्रबार कार्यालयमा उपस्थित हुदा अनिवार्य रुपमा ड्रेस कोड अनुसारको पोशाकको प्रयोग गर्नु पर्नेछ।

(२) उपदफा (१) बाहेकका वन सेवामा सव डिभिजन वन कार्यालयहरुमा पदस्थापना रहेका कर्मचारीहरुले सबै समयमा वन सेवाको ड्रेस कोड अनुसारको पोशाकको प्रयोग गर्नु पर्नेछ।

तर, सव डिभिजन वन कार्यालयका कर्मचारीहरुले जिल्ला र प्रदेशस्तरमा आयोजना हुने निजामति प्रशासन हेर्ने निकायका कार्यक्रम एवं बैठकहरुमा निजामती कर्मचारीको पोशाक लगाउन सक्नेछ।

(३) कुनै मुद्दाको अनुसन्धान, तहकिकात, खानतलासी, अभियुक्त पक्राउ गर्ने तथा अन्य गोप्य कामको सिलसिलामा माथिल्लो तहको आदेशानुसार सादा पोशाकमा समेत खटिन सक्नेछ तर कर्मचारी परिचयपत्र भने आफूसँगै राख्नु पर्छ।

४. <u>**ड्रेस कोड अनुसारको पोशाक लगाएपछि पालना गर्नु पर्ने आचारसंहिता:**</u>(१) सलाम गर्ने र फर्काउने: पोशाक लगाएपछि वन कर्मचारीहरुले व्यवस्थित तथा मर्यादित ढङ्गले माथिल्लो तहका कर्मचारीलाई सलाम गर्नु पर्नेछ। पोशाक लगाएको कर्मचारीले सलाम गर्दा निम्न बमोजिम हुने गरी गर्नु पर्नेछ।

क) कर्मचारीहरुले कार्यालयको कामका लागि भेट्दा वा रिपोर्टिङ्ग गर्दा आफु भन्दा माथिल्लो तहमा रहेका कर्मचारीलाई अनिवार्य सलाम गर्नु पर्ने ।

ख) दुई वा दुई भन्दा बढी कर्मचारी रहेको अवस्थामा सबै भन्दा माथिल्लो तहको कर्मचारीलाई मात्र सलाम गर्ने अन्य कर्मचारीलाई सलाम गरिरहन नपर्ने।

ग) कर्मचारीहरु समुहमा हुँदा माथिल्लो तहको कर्मचारीले मात्र सलाम फर्काउनु पर्ने।

घ) सलाम ग्रहण गर्ने कर्मचारीले सलाम फर्काउदाँ मर्यादित तथा शिष्ट ढङ्गबाट तुरुन्तै फर्काउने ।

ङ) सलाम लिने वा दिने दुबैको शिरमा टोपी भएमा मात्र सलाम प्रकट र ग्रहण गरिने तथा शिरमा टोपी नभएको अवस्थामा सतर्क अवस्थामा उभिए मात्र हुने ।

(२) पोशाक लगाई गर्नु पर्ने आचरण: कर्मचारीहरुले ड्रेस कोड अनुसारको पोशाक लगाउँदा निम्न अनुसारका आचरणहरु गर्नु पर्नेछ:

क) लगाउने पोशाक शरिरसँग मिल्ने, सफा तथा इस्त्री लगाएको हुनु पर्नेछ।

ख) जुत्ता सफा र सकेसम्म हरेक दिन पोलिस लगाएर मात्र लगाउनु पर्नेछ ।

ग) पुरुष कर्मचारीको कपाल मर्यादित किसिमको छोटो राख्ने।नसुहाउदो र लामो कपाल राख्न पाइने छैन ।

घ) महिला कर्मचारीले पोशाक लगाउँदा आफ्नो कपाल वाध्ने (Black hair bun) र अमिल्दो गर गहना लगाउन पाइने छैन्। महिला वा पुरुष कुनै कर्मचारीले नाडीमा लगाउने घडी, विवाहको वा अन्य औंठी तथा स्वास्थ्य सम्बन्धी ब्रासलेट बाहेक अन्य गर गहना प्रदर्शित हुने गरी लगाउन पाइने छैन।

ङ) पोशाक लगाउँदा शरीरमा देखिने गरी टयाटु लगायत अन्य यस किसिमको चिन्ह प्रदर्शन गर्ने कार्य गर्न पाइने छैन ।

च) पोशाक लगाउदा दाह्री फालेको हुनु पर्नेछ। सुहाउदो जुँगा भने पाल्न पाइने छ। तर कुनै जात तथा धर्म विशेष कर्मचारीको हकमा यो बाध्यकारी हुने छैन ।

छ) पोशाक लगाएर सामाजिक सन्जालमा अमर्यादित क्रियाकलापहरु (नृत्य, नाटक एवं अभिनय) राख्न हुदैन।

ज) कर्मचारीले आफ्नो तह अनुसार आफूलाई तोकिएको पोशाक तथा दर्ज्यानी चिन्ह मात्र लगाउनु पर्नेछ । अरु कसैको पोशाक मागेर लगाउनु वा अरु कसैलाई आफ्नो पोशाक लगाउन दिनु हुदैन ।

झ) कर्मचारीले आफूले प्रयोग गर्ने पोशाकको नक्कल गर्न वा अरु त्यस्तै उत्पादन गर्न हुदैन।

ञ) सम्बन्धित कार्यालयको कार्यालय प्रमुख वा तोकिएको कर्मचारीले आफ्ना मातहतका कर्मचारीले पोशाक लगाएको नलगाएको सम्बन्धमा नियमित अनुगमन गर्नेछ ।

ट) पोशाक लगाउँदा तोकिएको पोशाकको साथै बाहिरबाट देखिने गरी अन्य सादा पोशाक लगाउनु हुदैन ।

ठ) कर्मचारी विदामा बसेको वखत वा व्यक्तिगत काममा जाँदा पोशाक लगाउन पाइने छैन ।

ड) पोशाक वा पोशाकको कुनै भाग लगाएर मादक पदार्थ खरीद गर्न, ओसार्न तथा सेवन गर्न पूर्णत: निषेधित छ ।

५. **टोपी, हाफ ज्याकेट, पोशाक र दर्जानी चिन्हको व्यवस्था**: प्रदेश वन नियमावलीको अनुसुचीमा व्यवस्था भएको पोशाकमा टोपी र हाफ ज्याकेटको व्यवस्था गरिनेछ। तोकिएको चुच्चे टोपीसँगै ब्यारेट टोपीको समेत प्रयोग गरीनेछ। त्यस्तै पुरा बाहुला नभएको धेरै खल्ति भएको हाफ ज्याकेटको समेत प्रयोग गर्न सकिनेछ । व्यारेट टोपी र व्यारेट टोपीमा

प्रयोग हुने वन सेवाको चिन्ह तथा प्रदेश वन निर्देशक अधिकृतस्तर एघारौं तहको पोशाक र दर्जानी चिन्ह अनुसूची-१ बमोजिम हुनेछ ।

६. **दर्ज्यानी चिन्ह प्रदानः** (१) वन सेवाको अधिकृतस्तर तहमा कर्मचारीहरूको नियुक्ति तथा वढुवा भई पदस्थापन हुँदा मन्त्रालयको सचिवको उपस्थितिमा प्रदेश वन निर्देशकले दर्ज्यानी चिन्ह प्रदान गर्नु पर्नेछ ।

(२) वन सेवाको सहायकस्तर तहमा कर्मचारीहरूको नियुक्ति तथा वढुवा भई पदस्थापन हुँदा कार्यालय प्रमुखले दर्ज्यानी चिन्ह प्रदान गर्नु पर्नेछ।

(३) दर्ज्यानी चिन्ह प्रदान गर्ने वन सेवाको कर्मचारीले अनिवार्य रूपमा दर्ज्यानी चिन्ह प्राप्त गरी मातहतको कर्मचारीहरूलाई दर्ज्यानी चिन्ह प्रदान गर्नु पर्नेछ ।

तर प्रदेश वन सचिवलाई प्रदेशको प्रमुख सचिवले दर्ज्यानी चिन्ह प्रदान गर्नु पर्नेछ ।

(४) यो कार्यविधि लागु भए पश्चात् प्रथम पटकको लागि कार्यालय प्रमुखले निजको हकमा प्रदेश वन सचिवबाट दर्ज्यानी चिन्ह ग्रहण गरी मातहतका कर्मचारीलाई एकै पटक समारोह आयोजना गरी दर्ज्यानी चिन्ह प्रदान गर्नु पर्नेछ ।

७. **सिर्जना हुने व्ययभारः** (१) वन सेवाका कर्मचारीहरुलाई पोशाकको बजेट प्रदेश सरकारले व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पोशाकको बजेट व्यवस्था गर्दा एकै प्रयोजनका लागि दोहोरो नपर्ने गरी गरिनेछ।

८. **<u>प्रशिक्षण गर्नुपर्नेः</u>** वन सेवा पोशाक प्रयोग तथा पोशाक प्रयोग गर्दा अवलम्बन गर्नुपर्ने बिषयमा वन सेवाका कर्मचारीहरूलाई वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले तालिम दिन सक्नेछ ।

९. **<u>कार्यविधिको व्याख्या, संशोधन, बाधा अड्काउ फुकाउ तथा नियमन:</u>** (१) यस कार्यविधिको सम्बन्धमा बाधा अड्काउ फुकाउनु परेमा वा संशोधन गर्नु परेमा लुम्बिनी प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

(२) यस कार्यविधि अनुसार ड्रेस कोड तथा आचारसंहिताको पालना नभएको वा पोशाकको प्रयोग नगरेको पाईएमा उल्लंघन गर्ने कर्मचारीलाई कारवाही गरी नसियत सहित वयैत्तिक विवरण प्रणाली (PIS)मा अभिलेख राखिने छ।उक्त अभिलेख निजको कार्यक्षमता मुल्यांकन, सरुवा समेतको आधार बनाउनु पर्नेछ।

**अनुसूची - १**

(दफा ५ सँग सम्बन्धित)

**<u>व्यारेट टोपीको नमुना</u>**

व्यारेट टोपीको नमुनाः प्रदेश वन नियमावली २०७९ ले व्यवस्था गरेको कोट र पाइन्टको रङ सरहको गाढा हरियो रङको देहायको चित्र अनुसारको व्यारेट टोपी।



लुम्बिनी वन सेवाको चिन्ह (लोगो)

<u>लुम्बिनी वन सेवाको चिन्ह (लोगो):</u> देहाय बमोजिमको लोगो वन सेवाको कर्मचारीहरूको व्यारेट टोपीमा समावेश गरीनेछ ।

प्रदेश वन निर्देशक अधिकृतस्तर एघारौं तहको पोशाक र दर्जानी चिन्ह

| सि नं | तह | पोशाक | दर्जानी चिन्ह | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेश वन निर्देशक अधिकृतस्तर एघारौं तह | सर्ट, पाइन्ट, कोट, जुत्ता टोपी, टाइ, वेल्ट | NFS लालीगुरास चिन्हको लोगो र पाँच तारा | |

आज्ञाले,
मोहनराज काफ्ले
प्रदेश सचिव
प्रदेश सरकार



१०